**प्रेस विज्ञप्ति**

निजी आवास पुर्ननिर्माणका लागि अनुदान सम्झौता ।

(२०७३ मंसिर १७)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १४ जिल्लाहरुमा निजी आवास पुर्ननिर्माणका लागि यही २०७३ मंसिर १७ गते सम्म ५,२७,४६६घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भनेप्रथम किस्ता भुक्तानी घरधुरी संख्या४,४४,४५२ रहेको र करिब २,०१,१०६ वटा गुनासाहरु दर्ता गरिएको अभिलेख प्राप्त भएको छ । भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुर्ननिर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदान हस्तान्तरण गर्न राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट "क","ख"र "ग" वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग २०७३ साल जेठ १७ मा सम्झौता भई सोही अनुसार स्थानीय निकाय र बैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरुको क्लस्टरिंग गरी तिनिहरुमार्फत आ-आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्ने गरी प्रबंध मिलाईएको छ । साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्न भैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने र सम्बन्धित जिविसले प्राप्त तेरिज अनुसार यथासिघ्र बैंकखातामा अनुदान रकम हस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका, तथा गाविसहरुलाई निर्देशन दिईसकेकोछ । यसबाट आगामि दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा समेत गरिएको छ ।

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदानसम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्त्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | गोरखा | ५८५०३ | ५२५९१ | ४९०५५ | १५७४३ |
| २ | सिन्धुपाल्चोक | ७८५३७ | ७४८७० | ७४३१५ | १४४४७ |
| ३ | रामेछाप | ४३६०९ | ४०९११ | ३९७५९ | १३९७२ |
| ४ | धादिङ्ग | ७०५८१ | ६३१५१ | ५२९१७ | १५५८९ |
| ५ | नुवाकोट | ६५७५९ | ६०००५ | ५३३५७ | १०६८० |
| ६ | दोलखा | ५१७६२ | ४६४५२ | ४५३२२ | २१७१२ |
| ७ | ओखलढुङ्गा | १९८१८ | १८२३२ | १७८३६ | ७८१० |
| ८ | काभ्रेपलाञ्चोक | ६७६६५ | ६०७२१ | ५९७५१ | २१४३६ |
| ९ | सिन्धुली | ३४२५६ | २८२६९ | २६१६२ | ३०६०१ |
| १० | रसुवा | ११२३६ | ९२९९ | ८३१७ | १३६७ |
| ११ | मकवानपुर | ३०२३८ | १९५४० | १७६६१ | २६९०९ |
| १२ | ललितपुर | २५५०६ | ६६०१ | | ४३३७ |
| १३ | काठमाडौं | ४२५०० | ३१४८२ | | १०६२६ |
| १४ | भक्तपुर | २६०६६ | १५३४२ | | ५८७७ |
| | जम्मा | ६,२६,०३६ | ५,२७,४६६ | ४,४४,४५२ | २,०१,१०६ |

(मदन कोइराला)

सहायक प्रवक्ता एवं सूचना अधिकारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ मंसिर१७